**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. १९०

पुनरावेदन नं. ०७४-**RB**-००९५

पुनरावेदन दर्ता मितिः-२०७४।०८।२९

**मुद्दाः–मूल्य अभिबद्धि कर (आ.व.२०६९/०७०)।**

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.४, नख्खुमा कर्पोरेट कार्यालय रहेको एनसेल प्रा.लि.को तर्फबाट ऐ.का अधिकार प्राप्त प्रमुख कानून अधिकृत तथा कम्पनी सचिव अम्बर बहादुर थापा.........................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...........................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री बलराम रिज्याल

शुरु कार्यालयको निर्णय मितिः-२०७४।०३।२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शरद प्रसाद कोइराला र श्री महेश कुमार थापा, विद्वान अधिवक्ताहरू श्री कैलाश न्यौपाने, श्री निरज श्रेष्ठ,श्री मञ्जु बुढाथोकी, श्री सविन शम्शेर ज.ब.राणा

प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री प्रकाश ज्ञवाली

**अवलम्वित नजीरः ×**

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०३।२५ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएको भनी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम करदाताको तर्फबाट परेको यो पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री एनसेल प्रा.लि.को आ.व. २०६९/०७० को कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर तथा जरिवाना गणना गरी जम्मा रू.९,५५,३७,९५५।०० (अक्षेरूपी नौ करोड पचपन्न लाख सैंतिस हजार नौ सय पचपन्न मात्र) कर निर्धारण जरिवाना थप दस्तुर र ब्याजसमेत निर्धारण गर्नु पर्ने देखिएकोले सो निर्धारण नगर्नुपर्ने कुनै कारण भए आधार र कारण संलग्न गरी १५ दिन भित्र जवाफ पेश गर्नु भनी करदाताको नाममा मिति २०७४।०२।३० मा जारी भएको सूचना।

२. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७४।०२।३० मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश करदाताले मिति २०७४।०२।३१ मा बुझी लिई सो को जवाफ मिति २०७४।०३।१४ मा पेश गरेको।

३. करदाताले प्रस्तुत आ.व.मा आफ्ना उपभोक्ताहरु लाई Call Aayo Paisa Paayo Scheme अन्तर्गत अन्तर्राष्ट्रिय आगमन कलमा प्रति मिनेट रु. १/- का दरले रु. ७०,४०,२१४/- निशुल्क Bonus उपलब्ध गराएकोमा यसरी उपलब्ध गराएको वोनसमा करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु. ९,११,३२७/- असुल गरी दाखिला गर्नुपर्नेमा सो दाखिला नगरेको मूल्य अभिबृद्धि करमा दुर संचार सेवा दस्तुर, जरिवाना, थप दस्तुर र व्याज समेत गणना गरी असुल गर्नुपर्ने देखियो । साथै, आपुर्तिलाई ऐनको दफा १२(क) ले नै अन्यथा व्यवस्था भएको भन्ने अवस्थाभित्र रही यस्तो आपुर्ति मूल्य अभिवृद्धि करको दायरामा पर्ने हुँदा विक्रि नभएको मूल्यमा कर लाग्दैन भन्ने सम्बन्धमा करदाताको जिकिर मनासिव ठहर्दैन । त्यस्तै यसै दफाको १२(३) को व्यवस्था मूल्यबाट डिस्काउन्ट, कमिशन आदि घटाउन सक्ने व्यवस्था छ । यो व्यवस्था कार्यान्वयनमा आउन मूल्य उल्लेख हुनुपर्दछ । प्रस्तुत कर सुविधामा मूल्य नै उल्लेख नभएको हुँदा यस व्यवस्था आकर्षित नहुने हुंदा करदाताको जिकिर

मनासिव देखिदैन भन्ने समेत वेहोराको मिति २०७४।०३।२५ मा ठूला करदाता कार्यालयबाट भएको निर्णय।

४. मिति २०७४।०३।२५ मा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मूल्य अभिवृद्धि कर तर्फ आ.व. २०६९/०७० को लागि करदाताको नाममा जारी भएको अन्तिम कर निर्धारण आदेश उपर चित्त नवुझि करदाता एनसेल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनको लागि मिति २०७४।०४।२९ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंमा पेश गरेको निवेदन पत्र।

५. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४।०३।२५ मा जारी गरेको आ.व. २०६९/०७० को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी एनसेल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०४/२९ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क. को उपदफा (४) बमोजिम ६० दिनभित्र निर्णय गरि सक्नुपर्नेमा सो नभएको कारणबाट ऐ.ऐनको ३१क.(५) बमोजिम आन्तरिक राजस्व विभागलाई जानकारी दिई म्यादभित्र यस राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गरेको ।

६. निवेदकले मिति २०७४।०८।११ मा मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा ३१क.(५) बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन गरिने जानकारी गराएको र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गराएको वेहोराको जानकारी सहित सोको एक प्रति पुनरावेदनपत्र राखी मिति २०७५।०५।१८ मा निवेदन दर्ता गराएको हुँदा प्रस्तुत निवेदकले पेस गरेको प्रशासकीय पुनरावलोकन निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन।तसर्थ प्रस्तुत निवेदकले दर्ता गरेको प्रशासकीय पुनरावलोकनको निवेदन लगतबाट कट्टा गर्ने गरी मिति २०७५।०७।२९ मा भएको आन्तरिक राजस्व विभागको निर्णय।

७. मिति २०७५।०७।२९ मा भएको निर्णय सहितको सक्कल मिसिल थान १ ठूला करदाता कार्यालय ललितपुरको मिति २०७५।०८।१६ को पत्र मिसिल सामेल रहेको।

८. प्रत्यर्थी ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेशको मूल्य अभिवृद्धि कर तर्फ थप कर निर्धारण गर्नु पर्ने आधार, कारण र रकमको प्रकरण नं.३ र निर्णय पर्चाको बुँदा नं.३ मा विक्री प्रवर्धन योजना अन्तर्गत ग्राहकहरुलाई शर्त सहितको बोनस कल सुविधा उपलब्ध गराइकोमा त्यसलाई मूल्यमा रुपान्तरण गरी दूरसञ्चार सेवा दस्तुर थप गरी जम्मा रकममा मूल्य अभिवृद्धि कर रू.१०,०२,४६०।-, शत प्रतिशत जरिवाना, थप दस्तुर तथा व्याज समेत नलाग्ने

स्पष्ट हुँदा मिति २०७४।०३।२५ को निर्णय पर्चा र मिति २०७४।०४।०६ को अन्तिम कर निर्धारण आदेश समेत बदर उल्टी गरी सो आदेश वमोजिमको विबादित कर, जरिवाना, थप दस्तुर तथा ब्याज समेतको रकम तिर्न, बुझाउन नपर्ने फैसला गरी पाउँ भन्ने समेत बेहोराको करदाताको तर्फबाट मिति २०७४।०८।१९ मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) वमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७५।११।०६ मा यस न्यायाधिकरणबाट भएको आदेश।

१०. यसमा पुनरावेदक तथा विशेष सरकारी वकिल कार्यालय काठमाण्डौंवाट मिति २०७६।०६।०८ भित्र वहस नोट मगाइ मिति २०७६।०६।०९ मा पेशी राखी नियमानुसार पेश गर्नु भनी यस न्यायाधिकरणवाट मिति २०७६।०५।३० मा भएको आदेश ।

११. कल आयो पैसा पायो नामले चर्चित योजना व्यवसाय प्रवर्धन गर्न लागु गरिएकोले व्यवसायिक उपहार हुँदा कर लाग्दैन । यस अघि पेश नभएको प्रमाणहरुको हकमा पनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(२)(घ) र (ङ) बमोजिम राजस्व न्यायाधिकरण आफैले वढी प्रमाण वुझ्ने, कागजात पत्र दाखिल गराउन समेत सक्ने व्यहोरा निवेदन गर्दछौ भन्ने समेत व्यहोरा उल्लेख गरी करदाताका कानून व्यवसायीहरु श्री महेश कुमार थापा, मन्जु बुढाथोकी र श्री श्रद्धा भट्टराइले मिति २०७६।०६।२९ मा पेश गरेको लिखित वहस नोट ।

## ठहर खण्ड

१२. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता एनसेल प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शरद प्रसाद कोइराला र श्री महेश कुमार थापा तथा विद्धान अधिवक्ताहरू श्री कैलाश न्यौपाने, श्री निरज श्रेष्ठ,श्री मञ्जु बुढाथोकी, श्री सविन शम्शेर ज.ब.राणाले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री प्रकाश ज्ञवालीले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश कानून सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१३. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र लिखित वहसनोट समेतका मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी

हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट मिति २०७४।०३।२५ मा पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१४. अव करदाताको पुनरावेदन जिकिर तर्फ दृष्टिगत गर्दा, बिक्री प्रवर्धन योजना अन्तर्गत ग्राहकहरुलाई शर्त सहितको बोनस कल सुविधा उपलब्ध गराएकोमा त्यसलाई मूल्यमा रुपान्तरण गरी दूरसञ्चार सेवा दस्तुर थप गरी जम्मा रकममा मूल्य अभिवृद्धि कर रू.१०,०२,४६०।-शत प्रतिशत जरिवाना, थप दस्तुर तथा व्याज समेत नलाग्ने निर्णय गरी पाँउ भन्ने पुनरावेदन जिकिर रहेको देखियो। यस सम्बन्धमा करदाताले ऐनको दफा १२ मा नगद प्रतिफल भएको अवस्थामा प्रापकसंग लिएको मूल्य मात्र कर लाग्ने मूल्य हुने र त्यस्तै ऐनको दफा १२(३) मा डिस्काउन्ट, कमिसन आय, व्यापारिक छुटलाई कर लाग्ने मूल्यमा समावेश गरेको छैन भन्ने समेत जिकिर लिएको देखिन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२ को उपदफा (१) मा "**यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नगद मात्र प्रतिफल भएको अवस्थामा आपूर्तिकर्ताले प्रापकसंग लिएको मूल्यमात्र कर लाग्ने मूल्य हुनेछ** " भन्ने व्यवस्था रहेको देखिन्छ।सोही ऐनको दफा १२(३) मा "**वस्तु वा सेवा आपूर्ति गर्दा मूल्यमा दिईएको डिस्काउन्ट, कमिशन वा यस्तै अन्य व्यापारिक छुटको रकमलाई कर लाग्ने मूल्यमा समावेश गरिने छैन**" भन्ने कानूनी व्यवस्था समेत रहेको देखिन्छ। उक्त कानूनी व्यवस्था आकर्षित हुनको लागि बिक्री प्रवर्धन योजना अन्तर्गत ग्राहकहरुलाई शर्त सहितको बोनस कल सुविधामा मूल्य उल्लेख हुनुपर्दछ।करदाताले उपभोक्तालाई Call Aayo Paisa Paayo Scheme अन्तर्गत अन्तर्राष्ट्रिय आगमन कलमा प्रति मिनेट रु. १।-का दरले रु.७०,१०,२१४।- निशुल्क Bonus उपलब्ध गराएको भनी दावी लिएको भए तापनि कुन उपभोक्तालाई कति कर वापत कति मूल्यमा कति रकम निशुल्क दिएको हो भन्ने कुरा विल विजकवाट पुष्टी गर्न सकेको देखिएन । यसरी करदाताले गोश्वारा रुपमा रु.७०,१०,२१४।- निशुल्क उपलब्ध गराएको भनी छुटको दावी लिएको त्यस्तो छुटको विषयमा मूल्य नै उल्लेख नभएकोले पुनरावेदक करदाताको जिकिर पुग्न सक्ने देखिएन। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१) को खण्ड (ख) मा "**अधुरो वा त्रुटिपूर्ण कर निर्धारण पेश गरेमा**" खण्ड (घ) मा "**करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृत लाई विश्वास गर्नुपर्ने कारण भएमा**" समेत कर निर्धारण गर्न सक्ने अधिकार दिएको देखिन आयो। बिक्री प्रवर्धन योजना अन्तर्गत ग्राहकहरुलाई शर्त सहितको बोनस कल सुविधा उपलब्ध गराइकोमा त्यसलाई मूल्यमा रुपान्तरण गरी दूरसञ्चार सेवा प्रदान गरे वापत लिएको भुक्तानीमा भुक्तानीका वखत मूल्य अभिवृद्धि कर दाखिल

गर्नुपर्नेमा यी पुनरावेदक करदाताले मूल्य अभिवृद्धि कर दाखिल गरेको नदेखिँदा अन्तिम कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालयले मिति २०७४।०३।२५ मा गरेको निर्णय कानून सम्मत नै देखिन आयो। त्यसैले बोनस कल सुविधा उपलब्ध गराएको हो विक्री गरिएको होईन। विक्री नभएको मूल्यमा कर लाग्दैन भनी पुनरावेदक करदाताले लिएको पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन।

१५. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता एनसेल प्रा.लि. (स्थायी लेखा नं. ३००३२५६९४) को आ.व. २०६९/०७० को मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७४।०३।२५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर अपरेटरः- चन्द्र बहादुर नेपाली
फैसला मितिः- २०७९।११।१६।३
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः- राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप